महाभारत गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बनखुचोर, काभ्रेपलान्चोक

प्रथम पटक प्रकाशित मिति

## औषधी तथा सर्जिकल्स सामाग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दरभाउपत्र नं. औषधी १-२०७५ ०७६

यस कार्यालय अर्न्तगतका स्वास्थ्य संस्थाहरुको लागि औषधी तथा सर्जिकल्स सामाग्री खरिद गर्न दरभाउपत्र आह्वानको सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

१. पत्रिकामा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा रु१०००।- ( अक्षरुपी एक हजार मात्र पछि फिर्ता नहुने गरी) यस कार्यालयमा नगद बुझाई कार्यालय समयभित्र दरभाउपत्र खरिद गर्न सक्नेछन्। दरभाउपत्र खरिद गर्नको लागि निवेदकले नविकरण गरिएको सम्बन्धित विषयको कारोबार गर्ने इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, व्यवसायी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा भ्याट दर्ता प्रमाणपत्र र २०७३।७४को कर चुक्ता गरेको प्रमाणको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी रु१०।-को टिकट टाँसी निवेदन साथ पेश गर्नुपर्नेछ।

२. पत्रिकामा सूचना प्रकाशित भएको मितिले १६औं दिन को १२ बजे भित्र दरभाउ पत्र रित पूर्वक भरी यस कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएको दरभाउपत्रहरु सोही दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो सम्बन्धि कार्य तत्पश्चात कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

३. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत बापतको रकम रु ६०,०००।- (साठ्ठी हजार मात्र) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, धुलिखेलमा रहेको धरौटी खाता नं. १०४०३०३००७१०६ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको (दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति देखी ) मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ। दरभाउ पत्रदाताको दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५% बरावरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको पर्फरमेन्स वण्ड पेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकिय अधिकृत

महाभारत गाउँपालिका
२०७३

५. दरभाउपत्रदाताले आफुले खरिद गरेको दरभाउपत्र शिलबन्दी गरी दर्ता गराउनु पर्नेछ। फोटोकपी गरी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईने छैन। यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन। साथै दरभाउपत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन। रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

६. दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समय अवधिभित्र एकमुष्ट वा पटक पटक गरी माग गरेको औषधी तथा सर्जिकल्स सामाग्री बुझाउनुपर्नेछ र केही अंश तथा अथवा सम्पूर्ण सामाग्री नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम कारवाही हुनेछ। सम्पूर्ण करहरु दरभाउ पत्रदाताले नै व्यहोर्नु पर्नेछ।

७. सप्लाई हुने औषधी WHO/GMP सर्टिफिकेट प्राप्त कम्पनीहरुबाट उत्पादित भएको हुनुपर्ने र प्रत्येक प्याकेटको बाहिर उत्पादन मिति, म्याद समाप्त मिति र ब्याच नम्बर स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ। साथै सप्लाई गरिने औषधीको म्यादको सम्बन्धमा उक्त औषधीको Manufacturing date बाट Expiry Date कम्तीमा १८ महिना बाँकी हुदा स्टोर दाखिला हुनु पर्नेछ। सो भन्दा घटी म्याद भएका औषधीहरु कुनै पनि हालतमा बुझिलिईने छैन। तर कुनै पनि औषधिको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Expiry Date को ७५% म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ।

८. मूल्य अभिवृद्धि कर लाग्ने आइटमको दररेट उल्लेख गर्दा "मूल्य अभिवृद्धि कर बाहेकको" उल्लेख गर्नू पर्नेछ।

९. दरभाउपत्र स्वीकृत गर्दा प्याकेजको रुपमा गरिनेछ।

१०. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन) र सार्वजनिक खरिद नियमावली , २०६४(पाचौ संशोधन २०७३) तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ।

११. दरभाउत्रपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१२. दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा बुझ्न सकिनेछ।

| क.सं. | सूचना नं./प्याकेज | कार्य विवरण | दरखास्त दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| १. | १-०७५/७६ | औषधी तथा सर्जिकल्स सामाग्री | रु १,०००/- | रु ६०,०००/- |

अधिकृत